# सूचना पाटी

**सचेत सिकाई सम्बन्धी तालिम**

वन स्रोत अध्ययन तथा कार्य समूह (फरेष्टएक्सन) र इन्भाइरोमेन्टल रिर्सोस इन्स्टिच्युटको संयूक्त तत्वाधानमा "समुदायमा आधारित जन संगठनहरुमा स्व-अनुगमन प्रणालीको विकास" नामक ५ दिने तालिम गत फाल्गुन ९ देखि १३ गते सम्म धुलिखेलको बाँसघारीमा संचालन भएको थियो, जसमा देशभरीका १५ जिल्लाका गरी १६ वटा संघ संस्थाहरुबाट १८ जना सहभागिहरुलाई नयाँ ज्ञान र सिप दिनु रहेको थियो ।

**नयाँ टिम संयोजक**

यही २०६० साल बैशाख १ गतेदेखि श्री नेत्र तिम्सिनाले फरेष्टएक्सनको नयाँ टिम संयोजकको रुपमा काम शुरु गर्नु भएको छ । नागरिक समाज क्षेत्रबाट नेपालको प्राकृतिक स्रोत व्यवस्थापनमा लामो अनुभव सगाल्नु भएका श्री तिम्सिनाले आफ्नो पेशागत जिवनको शुरुवात कृषि अर्थशात्रीको रुपमा सरकारी सेवाबाट गर्नु भएको थियो । हालै वहाँले बेलायतको रेडिङ्ग विश्व विद्यालयबाट नेपालको वन स्रोत व्यवस्थापनको राजनीतिक अर्थशास्त्र सम्बन्धी विषयमा विद्यावारधी गर्नु भएको छ । वहाँको सफल कार्यकालको लागि हाम्रो शुभकामना छ ।

**सामुदायिक वनबाट ४० % रकम उठाउने सरकारी निर्णय सर्वोच्च अदालतद्धारा खारेज**

श्री ५ को सरकार, मन्त्रीपरिषद्ले मिती २०५७ साल बैशाख १९ गते तराई, भित्री मधेश र चुरे क्षेत्रका  वन उपभोक्ता समूहहरुले काठ बिक्री गरेको मूल्यको ४०% रकम श्री ५ को सरकारलाई बुझाउनु पर्ने  निर्णय गरेको थियो । उक्त निर्णय नेपाल अधिराज्यको संविधान २०४७ को प्रावधान विपरित भएको दावि गर्दै सो निर्णय बदर गरीपाउँ भनी सामुदायिक वन उपभोक्ता महासंघले मिती २०५७ जेष्ठ २० गते सर्वोच्च अदालत समक्ष रीट निवेदन दायर गरेकोमा सर्वोच्च अदालतको मिती २०५९ चैत्र १४ गतेको फैसलाले उक्त निर्णय बदर भएको छ । यसको अर्थ अब उपभोक्ता समूहहरुले काठ बिक्री मूल्यको ४०% रकम श्री ५ को सरकारलाई बुझाउनु नपर्ने भएको छ ।

(नोटः यस सम्बन्धी फैसलाको पूर्ण विवरण भने प्राप्त हुन बाकी नै छ ।)